# घरजग्गा खरिद सम्बन्धि शिलबन्दि बोलपत्र आह्वानको सूचना

यस तिनाउ विकास बैंक लिमिटेडले केन्द्रिय कार्यालय निर्माण प्रयोजनको लागि घरजग्गा खरिद गर्नु पर्ने भएकोले इच्छुक घरजग्गा धनीले यस तिनाउ विकास बैंक लिमिटेडको केन्द्रिय कार्यालय बुटवल ६, (साविक बुटवल ८), हस्पिटललाइनमा निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दि बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौं।

**शर्तहरू:**

१) घरजग्गा बुटवल उप महानगरपालिकाको हस्पिटललाइन, श्रवण पथ, पुष्पलालपार्क, मिलनचौक, राजमार्ग चौराहा, सिद्धार्थ राजमार्ग कालिकानगर, सिद्धार्थराजमार्ग ट्राफिक चोक देखि नविल बैंकसम्म, राममन्दिर लाइन, अमरपथलाइन, संगमपथ लाइन भित्र हुनु पर्नेछ।

२) शिलबन्दि बोलपत्रको साथमा जग्गाको लालपुर्जा, नापि नक्शा, फाइलनक्शा, ट्रेस नक्शा (नापी कार्यालयबाट प्रमाणीत), चार किल्ला प्रमाणीत, चालु आर्थिक वर्षको तिरो तिरेको रसिद, घर भएमा नक्शा पास, घर सम्पन्न प्रमाणपत्र हुनु पर्नेछ।

३) व्यक्ति घरजग्गा धनी भएमा नागरीकता प्रमाण पत्र प्रतिलीपी साथै संस्था घरजग्गा धनी भएमा संस्था दर्ता, पान दर्ता, करचुक्ता प्रमाण पत्र, संचालक समितिको घरजग्गा विक्रि गर्ने प्रमाणीत निर्णय प्रतिलिपी पेश गर्नुपर्नेछ।

४) घरजग्गामा मुद्दामामिला, किचलो, भैझगडा भएको हुनुहुदैन।

५) बोलपत्र पेश गर्दा शिलबन्दि लाहाछाप लगाई पेश गर्नु पर्नेछ।

६) बोलपत्रमा आफुले बेच्न चाहेको घर तथा जग्गाधनीको नाम, ठेगाना, घर तथा जग्गाको क्षेत्रफल, घरजग्गा रहेको स्थान खुलाउनु पर्नेछ।

७) बेच्न चाहेको घर तथा जग्गाको मूल्य रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरेको हुनुपर्नेछ।

८) शिलबन्दि बोलपत्र सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस विकास बैंकको केन्द्रिय कार्यालयमा पेश गरि सकेको हुनुपर्नेछ। अवधि समाप्त भइ आएको, केरमेट भएको, आधिकारीक हस्ताक्षर नभएको तथा रित पुरा नगरी पेश गरेको बोलपत्रलाई छनौटमा समावेश गरिनेछैन।

९) बोलपत्र सुचना प्रकाशित भएको मितिले सोहौं दिनमा विकास बैंकको केन्द्रिय कार्यालयमा दिनको ४:०० बजे खोलिनेछ। उक्त दिन विदा परेमा कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ साथै बोलपत्र पेश गर्ने व्यक्तिको अनुपस्थितिमा समेत बोलपत्र खोल्न सकिनेछ।

१०) बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार विकास बैंकको संचालक समितिमा निहित रहनेछ। बोलपत्र स्वीकृत तथा अस्वीकृतको कारण दिन विकास बैंक बाध्य हुनेछैन।

**'समृद्धीको सहयात्री'**

**तिनाउ विकास बैंक लिमिटेड**

**Tinau Development Bank Ltd.**

केन्द्रिय कार्यालय बुटवल-६ (साविक बुटवल ८) हस्पिटललाइन, रुपन्देही